का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ पुस २०८०,
शनिबार
23 December 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३१८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



निर्वाचन तालिका तय भएको छ । तालिकाअनुसार काम अगाडि बढेका छन् । दल दर्तालगायतका कार्य सकिएका छन् । दलहरुका आन्तरिक गतिविधिको विषय दलहरुलाई जानकारी हुने विषय भयो, त्यो निर्वाचन आयोगको सरोकारमा तब आउँछ जब उम्मेदवारी दर्ताको प्रक्रिया अगाडि बढ्छ ।

**दिनेश थपलिया**
निर्वाचन आयोगका प्रमुख आयुक्त







## राष्ट्रिय सभा चुनाव

# सत्तारुढमा आकांक्षीको भीड

चुनावको मिति नजिकिँदै गर्दा सत्तारुढ दलहरुभित्र उम्मेदवारका आकांक्षीहरुको चहलपहल बढेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

आगामी माघ ११ गते राष्ट्रिय सभाको चुनाव हुँदैछ । कातिक २३ गते उम्मेदवारी मनोनयन दर्ताको समय तय भएको छ । चुनावको मिति नजिकिँदै गर्दा सत्तारुढ दलहरुभित्र उम्मेदवारका आकांक्षीहरुको चहलपहल बढेको छ ।

नेपाली कांग्रेस झापाले राष्ट्रिय सभा निर्वाचनका लागि पार्टीका नेता एवं पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलालाई उम्मेदवार सिफारिस गर्ने निर्णय गरेको छ। राष्ट्रिय सभाको भावी अध्यक्षका रुपमा हेरिएका सिटौला उम्मेदवार सिफारिस भएका हुन् ।

फागुन २० गते कार्यकाल सकिएर बिदा हुन लागेका सांसदहरुको ठाउँ (१९ सिट)मा हुने निर्वाचनका लागि सत्तारुढ गठबन्धनबीच भागवण्डा करिब करिब टुंगिएको छ। सबै प्रदेशमा सत्ता गठबन्धनसँग सुविधाजनक मतभार छ ।

उम्मेदवारीका लागि सत्ता गठबन्धन दलहरुमध्ये कांग्रेसले ९, माओवादी केन्द्रले ६, एकीकृत समाजवादीले ३ र जनता समाजवादीले १ सिट पाउने गरि आन्तरिक सहमति भएको बताइन्छ। जसपाले भने २ सिट पाउनुपर्ने दाबी गरेको छ भने अन्य साना गठबन्धनका दलहरुले पनि सहभागिताका लागि आग्रह गरेका छन् ।

सबै प्रदेशमा सुविधाजनक मतभार रहेका कारण गठबन्धन दलभित्र थुप्रै नेताहरु राष्ट्रिय सभा सदस्य निर्वाचनको उम्मेदवारको आँकाक्षी देखिएका हुन् ।

कांग्रेसमा कृष्णप्रसाद सिटौलासहित गण्डकीबाट गोपालमान श्रेष्ठ र मधेशबाट अनिल रुगट्टाले राष्ट्रिय सभामा आउने चाहना राखेका छन् । बागमती प्रदेशबाट काठमाडौं जिल्ला सभापति सबुज बानियाँलाई उम्मेदवार बनाउने चर्चा राजनीतिक वृतमा छ ।

कांग्रेसले कर्णाली, लुम्बिनी र सुदुरपश्चिमबाट पनि उम्मेदवार बनाउने छ । लुम्बिनीबाट भरत शाह, कृष्णकिशोर घिमिर आँकाक्षी देखिएका छन्। कर्णार्णीबाट भूपेन्द्रजंग शाहीले चाहना राखेका छन्। सुदुरपश्चिमबाट डडेलधुरा जिल्ला सभापति कृष्ण किशोर घिमिरे, केन्द्रीय सदस्यहरु यज्ञराज जोशी र गोविन्दबहादुरले चाहना राखेका छन् ।

एकीकृत समाजवादीमा पार्टी उपाध्यक्ष प्रमेश हमाल नै उम्मेदवारको आँकाक्षी पृष्ठ २ मा



# माधवसँग भिड्दै झलनाथ !

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

आगामी जेठमा सरेको महाधिवेशनमा पेश गरिने दस्तावेज, राजनीतिक प्रतिवेदन र विधानबारे छलफल गर्न नेकपा एकीकृत समाजवादीको सचिवालय बैठक आज पनि बस्दैछ । उपाध्यक्ष वेदुराम भुसालको संयोजकत्वमा गठित विधान मस्यौदा समितिको प्रस्तावमाथि मंगलबार पनि छलफल भएको थियो । त्यसदिन अरु पदाधिकारीले आफ्नो कुरा राखेपनि अध्यक्ष माधवकुमार नेपालले बोल्न बाँकी छ ।

आजको बैठकमा अध्यक्ष नेपालले आफ्नो कुरा राखेपछि विधानबारे निर्णय गर्ने तयारी छ । विशेषगरी प्रतिनिधि चयन कसरी गर्ने, पदाधिकारी संख्या कति राख्ने, ७० वर्षे उमेर हद राख्ने वा नराख्ने, केन्द्रीय समितिको संख्या कति बनाउनेबारे सहमति जुट्न बाँकी छ ।

नेकपा एमालेबाट अलग भएर अढाइ वर्ष अगाडि बनेको नेकपा एकीकृत समाजवादीको नेतृत्वमा फेरि माधवकुमार नेपाल र झलनाथ खनालबीच प्रतिस्पर्धा हुने सम्भावना बढेर गएको छ ।

नेताहरुले केन्द्रीय समितिको संख्या घटाउने लगभग सहमति जुटाएको उपमहासचिव गंगाललाल तुलाधारले बताए । तर पदाधिकारी संख्याबारे सहमति जुट्न बाँकी छ । अध्यक्ष र महासचिव मात्रै राख्नुपर्ने पक्षमा केही नेताहरुले मत राखेका छन् । कतिपयले सानो, तर अध्यक्ष र महासचिव बाहेकका केही पद राख्नुपर्ने तर्क गरेका छन् ।

अहिलेका पदाधिकारी पनि आफ्नो निर्वाचन क्षेत्रबाट निर्वाचित भएर आउनुपर्ने प्रस्तावमा पनि लगभग सहमति जुटेको छ । तर केन्द्रीय नेतृत्व चयन प्रणालीबारे सहमति जुट्न बाँकी छ । कतिपयले महाधिवेशन हलबाट केन्द्रीय समिति चयन गर्ने र केन्द्रीय समितिले पदाधिकारी चयन गर्ने विधि अपनाउनुपर्ने प्रस्ताव गरेका छन् । तर प्रस्तावमा भने हलबाटै प्रत्यक्ष निर्वाचित पदाधिकारी हुने प्रस्ताव गरिएको छ ।

एकीकृत समाजवादीमा चासोका साथ हेरिएको विषय भने ७० वर्षे उमेर हद हो । यसअघि एमालेले ७० वर्षे उमेर हद विधानमै राखेको थियो । भलै उमेर हदको व्यवस्था हटाउने निर्णय एमालेले गरिसकेको छ । एमालेले समेत हटाएकाले एकीकृत समाजवादीमा पनि उमेर हद राख्न नहुने प्रस्ताव गरिएको छ ।

उमेर हदलाई चासोका साथ हेरिनुमा भने अहिलेका अध्यक्ष माधवकुमार नेपाल र पूर्वप्रधानमन्त्री झलनाथ खनालबीच अन्तरसंघर्ष चल्नु पनि हो । नेपाल फेरि पनि नेतृत्वमा आउन चाहेका छन् । तर खनाल जसरी पनि रोक्न चाहन्छन् । यसअघि १४-१८ माघमा तोकिएको महाधिवेशन जेठमा सार्ने निर्णयका पछाडि पनि नेपाल र खनालबीचको संभावित प्रतिस्पर्धा नै हो ।

किनकि आगामी २३ फागुनमा पृष्ठ २ मा

## संक्रमणकालीन न्याय

# मूल विषयमा विवाद यथावत

**शिव विक/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

प्रतिनिधि सभाको कानून न्याय तथा मानव अधिकार समितिले पुनः संक्रमणकालीन न्याय सम्बन्धी विधेयकमा छलफल चलाउन थालेको छ । तर, सहमतिमा पुग्ने आधार प्रस्तुत हुन सकेको छैन् ।

निरन्तर प्रयासका बाबजुत संक्रमणकालीन न्यायको विषमा दलहरुका बीचमा सहमति जुट्न सकेको छैन । गम्भीर मानव अधिकार उल्लघंन र मानव अधिकार उल्लघनको परिभाषाकै विषयमा विवादको गाँठो फुक्न नसकेको हो ।



सकेसम्म सहमतिमा टुंग्याउनुपर्छ । राजनीतिसँग जोडिएको विषय भएकाले शीर्ष तहमा पनि सहमति खोज्नुपर्ने हुन्छ । भोलि कसैगरी भएन भने विकल्पहरु सोचौंला ।

**धनराज गुरुङ**
कानून न्याय तथा संसदीय मामिलामन्त्री

२५ फागुन २०७९ मा संसदमा दर्ता भएको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक'माथि सहमति जुटाउन शीर्ष नेताहरुको राय लिएर कानून समितिले ५ जेठ २०८० मा ११ सदस्यीय उपसमिति गठन गरेको थियो ।

उपसमितिमा सांसदहरु महेशकुमार बर्तौला, रमेश लेखक, जीवन परियार, सुशीला थिङ, सन्तोष परियार, गोमा लाभ सापकोटा, पूर्णबहादुर पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# घरेलु कामदारको प्रतिबन्ध फुकाउन जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ पुस

विज्ञहरुले खाडीका देशहरुमा महिलालाई घरेलु कामदारको रुपमा जान लगाइएको प्रतिबन्ध आपत्तिजनक रहेको भन्दै तत्काल हटाउन सरकारसँग माग गरेका छन्। अन्तर्राष्ट्रिय आप्रवासन दिवस २०२३ को अवसरमा शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा विज्ञहरुले संविधानले लैङ्गिक विभेदको अन्त्य गरेको अवस्थामा सरकारले विभिन्न अड्चन देखाएर रोजगारीमा जान प्रतिबन्ध लगाउनु अमिल्दो विषय भएकोले तत्काल उक्त अव्यवहारिक निर्णय परिवर्तन गर्नुपर्नेमा जोड दिए ।

श्रम तथा आप्रवासन क्षेत्रका अनुसन्धानकर्ता रामेश्वर नेपालले खाडी मुलुकमा घरेलु कामदारको रुपमा महिला कामदारको श्रम स्वीकृतिमा निरन्तर प्रतिबन्ध लगाउने निर्णयलाई सरकारले फुकुवा गरी कानूनको प्रभावकारी कार्यान्वयन गरेर सुरक्षितरुपमा जान पाउनुपर्ने व्यवस्था गर्नु आवश्यक रहेको बताए ।

उनले भने, 'नेपालकै कानूनी व्यवस्था महिला मजदुर र मजदुरमैत्री छैन । अन्य देशको व्यवस्थालाई कारण बनाएर महिलालाई वैदेशिक रोजगारीमा जानका लागि लगाइएको प्रतिबन्धलाई निरन्तरता दिनु आपत्तिजनक छ ।'

कार्यक्रममा सत्तारुढ नेपाली कांग्रेसकी सांसद रमा कोइरालाले सरकारले प्रतिबन्ध मात्रै लगाएर समस्याको समाधान नहुने भन्दै नेपाली महिला कामदार वैदेशिक रोजगारीमा जानुको कारण र त्यसको समाधानबारे खोजी गर्न जरुरी रहेको धारणा राखिन् ।

कार्यक्रममा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले भने फरक धारणा राखे । उनले खाडी मुलुकबाट फर्केका महिलाको पीडालाई पनि सम्बोधन हुने गरी निर्णय लिनुपर्ने बताए ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को मापदण्ड पालना नगर्ने खाडीका देशहरुमा घरेलु कामका लागि नेपाली महिलालाई पठाउने कुरा उपयुक्त हुने भन्दै उनले नेपाली चेलिबटीहरु लुकेर जान थाले, छिटो खुलाइ दिनुपर्‍यो भनेर सरकारलाई दबाब दिन नमिल्ने तर्क गरे ।

उनले भने, 'खाडीबाट फर्केका एक जना महिला कामदार ती मुलुकमा नेपाली महिला घरेलु कामदारको रुपमा पठाउने पक्षमा हुनुहुन्न । त्यसलाई पनि ध्यानमा राखेर निर्णय गर्नु जरुरी छ ।'

आप्रवासी महिला पृष्ठ २ मा

## पोल्याण्ड पठाइदिने भन्दै ठग्ने पक्राउ

काठमाडौं/मस- आकर्षक तलबमा वैदेशिक रोजगारीका लागि युरोपेली मुलुक पोल्याण्ड पठाइदिन्छु भनि प्रलोभनमा पारी रकम ठगी गरेको उजुरीका आधारमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

प्रहरीले धनकुटा उपमहानगरपालिका घर भइ हाल भक्तपुर बालकोट बस्ने प्रदिप बुढाथोकीलाई पक्राउ गरेको हो । बुढाथोकीले कल्पना विश्वकर्मालाई वैदेशिक रोजगारीका लागि पोल्याण्ड पठाइदिन्छु, त्यसका लागि ७ लाख ५० हजार रुपैयाँ लाग्छ भनि विश्वासमा पारी पटक-पटक गरी एक पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको सदस्य संस्था श्री के.पी इन्टरनेशनल ओभरसिज प्रा.लि.बाट कुवेत मुलुकमा पठाइएका कामदारमध्ये १ जना महिला कामदार फर्की वैदेशिक रोजगार विभागमा उजुरी दिएकाले उजुरी उपर छलफल गर्न भनि वैदेशिक रोजगार विभागमा बोलाइएकाले कम्पनीका सञ्चालक निर्मल राय अमात विभागमा निर्देशकको कार्यकक्षमा उपस्थित हुनु भइ उजुरीका बारेमा छलफल हुँदै गर्दा उजुरीकर्ताका मानिस हौं भनि विभिन्न अपशब्द प्रयोग गरी सञ्चालक निर्मल राय अमातलाई हातपात, कुटपिट र गालीगलौज गरिएको कार्यप्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

वैदेशिक रोजगार विभागमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको समन्वयमा वैदेशिक रोजगारीबाट फर्कीएका कामदारहरुको समस्या समाधानका लागि उजुरीकर्ता र कम्पनीका सञ्चालकबीच वैदेशिक रोजगार विभागमा छलफल हुँदै गर्दा इजाजतपत्रवाला व्यवसायी सञ्चालक पकाउ हुनु, असम्बन्धित, अनधिकृत व्यक्तिहरु प्रवेश गरी सञ्चालकलाई गालीगलौज, कुटपिट र हातपात हुनु र वैदेशिक रोजगार विभागले यस्तो गैरकानूनी कार्य गर्नेहरुलाई कुनै पनि कारबाही नगर्नु गम्भीर र आपत्तिजनक रहेको छ। यस्तो गैरकानूनी कार्य गर्नेहरुलाई कडा भन्दा कडा कानूनी कारबाही गर्न संघ सम्बन्धित निकायसँग जोडदार माग गर्दछ ।

यो घटना भएको थाहा हुनासाथ संघका द्वितीय उपाध्यक्ष सञ्जु गुरुङ र सचिव कर्णराज कटुवालको नेतृत्वमा अन्य शुभेच्छुक तथा संघ संस्थाका पदाधिकारीहरुसहितको उपस्थितिमा उजुरीकर्ता र कम्पनीका सञ्चालकबीच वार्ता गराइ उजुरीकर्ताको गुनासो सम्बोधन गरिरहेको भएता पनि वैदेशिक रोजगार विभाग नेतृत्वविहीन भएको अवस्थामा अनधिकृत व्यक्तिहरु प्रवेश गरी कानूनी प्रक्रियालाई लत्याई गुण्डागर्दी शैलीमा कानून हातमा लिँदै इजाजतपत्रवाला सञ्चालक उपर गालीगलौज, हातपात र कुटपिट गरेकाले विभागका निर्देशकको कार्यकक्षमा नै सञ्चालक उपर भएका यस्ता कार्यले व्यवसायीको सुरक्षा र इज्जतमा गम्भीर धक्का पुगेको हुँदा त्यस्ता अनधिकृत व्यक्तिहरुलाई पक्राउ गरी कडा कानूनी कारबाही गर्न वैदेशिक रोजगार विभागसँग संघ माग गर्दछ ।

राजेन्द्र भण्डारी
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

७ पुस २०८०, शनिबार
23 December 2023, Saturday

# बागमती नदी किनारमा अवैध उत्खनन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ पुस




रौतहटको बृन्दावन नगरपालिक वडा नम्बर १ रमौली घाट अन्तर्गत बागमती नदी किनारमा अवैध रुपमा विभिन्न क्रसर उद्योग तथा सोही ठाउँमा अवैधरुपमा सञ्चालनमा रहेको संकटमोचन क्रसर उद्योगले दिनहुँ बालुवा गिट्टी उत्खनन गरिरहेको पाइएको छ ।

क्रसर उद्योगले राजनैतिक आडमा दादागिरी शैलीमा आफ्नो ५ वटा स्काभेटर लगाएर दिनहुँ दर्जनौं टिपर बालुवा गिट्टी झिकिरहेको स्थानीयहरु बताउँछन् । यस विषयमा बुझ्दा नगरपालिकाबाट कुनै पनि सम्झौता नभएको तर गिटी बालुवाका तस्कर तथा माफियाहरुले आफ्नै मनोपरी ढंगले दिनहुँ गिट्टी बालुवा निकालेर बिक्री गरिरहेको पालिका स्रोतले बताएको छ ।

स्रोतका अनुसार बिहीबार प्रहरी चौकी रमौलीको अगाडिबाटै गिट्टी तथा बालुवा लगिरहेको अवस्थामा २ वटा ट्याक्टरलाई स्थानीयहरुले समातेर प्रहरीको जिम्मा लगाएका थिए । तर प्रहरी प्रशासनले सो तस्करहरुलाई समात्नुको सट्टा छुट दिंदै सो विषयमा मौन बसेको स्थानीयहरु बताउँछन् ।

# पूर्वाधारलाई उत्पादन र रोजगारसँग जोड्न आवश्यक: महामन्त्री थापा

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ६ पुस




नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पूर्वाधार निर्माणसँगै उत्पादन र रोजगारलाई जोड्नुपर्ने बताएका छन् । शुक्रबार कटारी नगरपालिकाको कटारीमा भएको चौधौँ महाधिवेशनको प्रथम जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री थापाले यस्तो बताएका हुन् ।

थापाले अहिले देशमा बेरोजगारी समस्याले नेपाली विदेश पलायन भइरहेको बेला पूर्वाधार निर्माणसँगै उत्पादन र रोजगारीमा ५ वर्षमा ५ लाख मानिसहरुलाई रोजगारीको वातावरण सिर्जना निर्माण गर्न सक्नुपर्ने बताए ।

'हामीले सरकार बनाएको एक वर्ष बितिसक्दा सरकारले यो गर्छु, त्यो गर्छु भनेको पढेको छु, सुनेको छु तर परिणाम देखिएको छैन' उनले भने ।

अहिले दलित, आदिवासी पहिचानका मुद्दाहरु उठिरहेकाले त्यसलाई सबै राजनीतिक दल र सरोकारवाला निकायले समेटेर अगाडि बढाउनुका साथै त्यसको जिम्मेवारी कांग्रेसले लिने उनले बताए । सम्मेलनमा जिल्लाको ८ वटै पालिकाहरुबाट पार्टी र राजनीतिक दलहरूका सहभागीता रहेको जिल्ला सभापति हिमाल कार्कीले जानकारी दिए ।

# 'फरेन मिनिस्टर्स कम्मेनडेसन' पुरस्कार 'जान'लाई



**काठमाडौं/मस–** जापानको परराष्ट्र मन्त्रालयबाट सन् २०२३ मा दिइने 'फरेन मिनिस्टर्स कम्मेनडेसन' पुरस्कार नेपाल जाइका अलमनाई एसोसियसन (जान) लाई प्रदान गरिएको छ । नेपालस्थित जापानी राजदूतावासले एक विशेष कार्यक्रमको आयोजना गरी जापानी राजदूत युताका किकुताले जापान सरकारको तर्फबाट उक्त पुरस्कार जानका अध्यक्ष डा. रामचन्द्र भुसाललाई हस्तान्तरण गरे ।

पुरस्कार हस्तान्तरण कार्यक्रममा जापानी राजदूत युताका किकुताले जापान सरकारबाट दिइने महत्वपूर्ण पुरस्कार प्राप्त गरेकोमा जानलाई बधाइ ज्ञापन गर्दै जानले नेपाल र जापानबीचको मैत्रीपूर्ण सम्बन्धलाई मजबुँद बनाउन लामो समयदेखि निरन्तर रूपमा उल्लेखनीय योगदान गर्दै आएकोले यो पुरस्कार प्रदान गरिएको बताए ।

जापानी राजदूतले जानका सदस्यहरू नेपालका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको नेतृत्वदायी भूमिकामा रहेकोले नेपालको विकासमा र दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई भविष्यमा अझै मजबुत बनाउन जानका सदस्यहरूको योगदान महत्वपूर्ण हुने विश्वाससमेत व्यक्त गरे ।

जानका अध्यक्ष डा. रामचन्द्र भुसालले जानले नेपाल जापान मैत्री सम्बन्ध कायम गर्न, जापानी प्रविधिहरू नेपाल भित्र्याउन र दुई देशबीचका जनताको सुख, दुःखमा समेत मैत्री पुलको रूपमा लामो समयदेखि खेल्दै आएको भूमिका र योगदानको कदर गर्दै जापान सरकारले यो पुरस्कार प्रदान गरेकोले जापानको परराष्ट्र मन्त्रालय र नेपालस्थित जापानी राजदूतावासलाई धन्यवाद ज्ञापन गरे ।

उनले यस पुरस्कारले आफू र जानका सम्पूर्ण सदस्यहरूलाई आगामी दिनहरूमा राष्ट्र निर्माण र नेपाल जापान मैत्री सम्बन्ध बलियो बनाउने कार्यमा अझै सक्रिय भइ लाग्न प्रोत्साहन मिलेको बताए ।

साथै उनले जानका सदस्यहरू जापानमा बस्दा नेपालको सद्भावदूत र नेपालमा बस्दा जापानका सद्भावनादूत बनेर नेपाल जापानबीचको मैत्री सम्बन्ध बलियो बनाउन लागिरहेको बताए ।

कार्यक्रममा जानको आजीवन सदस्यसमेत रहेका विभिन्न संवैधानिक आयोगमा प्रमुखहरू, नेपाल सरकारका मुख्यसचिव, वर्तमान तथा पूर्वसचिवहरू, नेपाल सरकारका उच्च अधिकृतहरू, जानका पूर्वअध्यक्षहरू र जापानी राजदूतावास एवम् जाइका नेपालका उच्च अधिकारीहरूको उपस्थिति थियो ।

जान जापानमा अध्ययन गरी फर्किएका नेपाल सरकारका बहालवाला तथा सेवा निवृत्त सरकारी अधिकारीहरू, विभिन्न सार्वजनिक क्षेत्रका प्राविधिकहरू, प्राज्ञहरू, स्वतन्त्र प्राविधिज्ञ तथा व्यवसायीहरूको सामाजिक संस्था हो । यस संस्थाले नेपाल सरकार तथा जापान सरकारबीचको परम्परागत मित्रतालाई सुमधुर बनाउनका साथै अध्ययनको क्रममा जापानमा आर्जित ज्ञान तथा सीपलाई मुलुकको विकासमा लगाउने प्रमुख उद्देश्यका साथ सन् १९७३ देखि क्रियाशील रही आएको छ र यो वर्ष जानले आफ्नो स्वर्ण जयन्तीको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरूसमेत आयोजना गरेको छ ।

# सडक ढलानको शिलान्यास



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ६ पुस

जनमत पार्टीका वरिष्ठ उपाध्यक्ष एवम् पूर्व खानेपानी तथा सरसफाइ मन्त्री अब्दुल खानले सडक ढलानको शिलान्यास गरेका छन् ।

रौतहटको देवाही गोनाही नगरपालिका -९ धरहरीमा शुक्रबार आयोजित एक समारोहकाबीच खानले सडक ढलानको शिलान्यास गरेका हुन् । राष्ट्रिय आयोजनाबाट ८० लाख र नगरपालिकाको बजेट बाट ३७ लाख रुपैयाँको लागतमा उक्त सडक ढलान हुन लागेको हो ।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व मन्त्री खानले सडक निर्माण कार्यले गाउँको भौतिक स्वरुपनै परिवर्तन हुने बताउँदै आफुले जनताको सेवासँगै विकास निर्माणलाई मुख्य प्रथामिकता दिएको बताए ।

कार्यक्रममा देवाही गोनाही नगरपालिकाको नगरप्रमुख प्रेमलाल साहले आफ्नो पालिका क्षेत्रमा रहेका गाउँटोलका नाला तथा सडक निर्माणहरुलाई विकास कार्यको प्राथमिकतामा राखेर अगाडि बढेको बताए । उनले हरेक कुना-कुनामा सडक पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे । सडक निर्माण पश्चात अन्य कुराहरुको विकास स्वयम् हुने भएकाले सडकको शिलान्यास गरिएको नगरप्रमुख साहले बताए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, वडाअध्यक्ष बिरबहादुर साह, जयकिसान माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्जय साह लगायत समाजसेवी, बुद्धिजीवीहरुको उपस्थिति रहेको थियो ।

# फरार प्रतिवादी पक्राउ

**मध्यान्ह संवाददाता**
उदयपुर, ६ पुस

उदयपुरमा बन मुद्दाका एक जना फरार प्रतिवादी पक्राउ परेका छन् । पक्राउ पर्नेमा चौदण्डीगढी नगरपालिका-१० खैराभ्कोरा बस्ने वर्ष ५८ का जन्तरे भन्ने धन बहादुर मगर रहेका छन् । उनलाई बिहीबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

मगरलाई जिल्ला अदालत उदयपुरले बन मुद्दामा एक वर्षको कैद सुनाएको थियो । पक्राउ परेका उनलाई अदालतसमक्ष बुझाएको प्रहरीले जनाएको छ ।

# बालिकालाई यौनजन्य कार्यमा लगाउने पक्राउ

**काठमाडौं/मस-**ग्राहकको रोजाइअनुसार बालिका उपलब्ध गराई यौनजन्य कार्यमा लगाउने गरेको अभियोगमा टोखा नगरपालिका-९ नयाँबसपार्क बस्ने नुवाकोट तादी गाउँपालिका-६ घर भएका २४ वर्षीय सुमन तामाङलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

नयाँबसपार्कमा रहेका विभिन्न होटल तथा गेष्टहाउसमा बालिकालाई ललाइफकाइ विभिन्न किसिमको प्रलोभनमा पारी वेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाउने गरेको सूचनाका आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले वेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाइएका चार जना बालिकालाई उद्धार गरी उक्त कार्यमा संलग्न सुमनलाई पक्राउ गरेको हो ।

आर्थिक अवस्था कमजोर भएका बालिकालाई ललाइफकाइ होटल/गेष्ट हाउसमा वेटर तथा सरसफाइको काममा लगाइदिने भन्दै वेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाउने गरेको र पीडित बालिकालाई विगत पाँच महिनादेखि होटल/गेष्ट हाउसबाट बाहिरसमेत निस्कन नदिई जबर्जस्ती शारीरिक सम्पर्क राख्न बाध्य पार्ने गरेको अनुसन्धानबाट खुल्न आएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरीले मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट सात दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

# एनआरएनए एनसीसी कतारद्वारा विश्व साइकल यात्रीलाई सम्मानसहित सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ६ पुस




'विश्व जलवायु परिवर्तन र सेभ द अर्थ' को नारा लिएर विश्व साइकल यात्राका क्रममा कतार आइपुगेका शुभप्रसाद शर्मालाई एनआरएनए एनसीसी कतारले नगदसहित सम्मान गरेको छ । शुक्रबार एक कार्यक्रमका बीच एनसीसी कतारले शर्मालाई नगद पाँच सय कतारी रियालसहित खादा ओढाएर यात्रा सफलताको कामना गर्दै सम्मान गरेको हो ।

कार्यक्रममा बोल्दै एनसीसी कतारका अध्यक्ष रमेश भट्टले यात्रा सफलताको शुभकामना व्यक्त गरे । 'रकम सानो भएपनि यसले यात्रामा हौसला मिल्ने विश्वाससहित सहयोग गरेका हौं,' अध्यक्ष भट्टले भने । उनले शर्मालाई जुन देशमा जाने भएपनि त्यहाँ जानुपूर्व सो देशमा एनआरएनए रहे नरहेको निश्चित गरेर समन्वय गर्न सुझाव दिए । सहयोग ग्रहण गर्दै यात्री शर्माले आफूबाट भएका कमीकमजोरी सुधारेर यात्रालाई तीव्रता दिने बताउँदै एनसीसी कतारलाई धन्यवाद ज्ञापन गरे ।

काठमाडौं महानगरपालिका वडा नं ७ सिफलमा ५६ वर्ष अगाडि जन्मिएका शर्माले २०८९ वैशाख १ गतेबाट यात्रा प्रारम्भ गरेका हुन् । ५ वर्षमा १५० देश घुम्ने र ३०० देखि ५०० बिरुवा रोप्ने लक्ष्य लिएका शर्माले आफूले सोचे जति सहज यात्रा नभएको र लक्ष्य भन्दा पनि समय बढी लाग्ने अनुमान आफूले गरेको बताए ।

# खार्पुनाथको १४औं गाउँ सभा तथा हिउँदे अधिवेशन सम्पन्न




**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ६ पुस

हुम्लाको खार्पुनाथ गाउँपालिकाको १४औं गाउँ सभा तथा हिउँदे अधिवेशन सम्पन्न भएको छ । चार वटा विधेयक पारित गर्दै १४औं गाउँ सभा ताथा हिउँदे अधिवेशन सम्पन्न भएको हो ।

गाउँपालिकाले २०८०/८१ मा हुने नीति तथा कार्यविधि पारित गरेको छ । सो अवसरमा वडा नं ३ का वडा अध्यक्ष च्यागा बोहोराले स्वास्थ्य नीति कार्यविधि २०८० गाउँपालिका अध्यक्ष कर्ण रावलसमक्ष पेस गरेका थिए । त्यस्तै उच्च शिक्षा अध्यान तथा छात्रवृत्ति २०८० कार्यविधि वडा नं ५ का अध्यक्ष भरतजंग शाही, स्वास्थ्य ऐन २०८० वडा नं १ का वडा अध्यक्ष जयबहादुर शाही, खार्पुनाथ सामाजिक समावेसी नीति कार्यविधि २०८० वडा नं २ का वडा अध्यक्ष चन्द्र रावलले गाउँपालिका अध्यक्षसामु पेस गरेका थिए ।

उक्त चार वटा कार्यविधिमाथिको छलफलमा वडा नं २ का वडा सदस्य लाल बहादुर छत्यालले गाउँ सभामा भएका कार्यविधि गाउँघरमा कार्यान्वयन भएका छन् या छैनन् भन्ने बारे गाउँपालिका तथा वडाले नियाल्नुपर्ने बताए । त्यस्तै अहिलेका जनप्रतिनिधि वडा र स्थानीयस्तरमा मात्र सीमित नभएर प्रदेश र संघसम्म जाने काम गर्नुपर्ने उनले बताए ।

गाउँपालिका अध्यक्ष रावलले केही कमीकोमजोरी भएको भए त्यसलाई सुधारेर गाउँपालिकाको पुरै टिम लागिपर्ने बताए । उनले अबदेखि वडाले महिनाको एक पटक बैठक बसेर हरेक नीति नियाम गाउँपालिकामा पेस गर्नुपर्ने बताए ।

त्यस्तै गाउँपालिकाका उपाध्यक्ष ज्ञानबहादुर सिंहले गाउँघरमा विकासको लहर जाने, तर पूरा निर्माण नगरी भुक्तानी माग्ने प्रचलन अन्त्य गरेर अनुगमनमा कडाइ गरिने बताए । १४औं गाउँ सभा तथा हिउँदे अधिवेशनमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, पाँच वटै वडाका अध्यक्ष, कार्यपालिका सदस्य, समन्वय सदस्य, गाउँपालिकाका शाखा प्रमुखलगायतको उपस्थिति रहेको थियो ।

# नेपाली औषधिको प्रवर्द्धन गर्न फर्मा एक्स्पो हुँदै

**काठमाडौं/मस–** नेपाल औषधि उत्पादक संघले नेपाली औषधिको प्रवर्द्धन र अन्तर्राष्ट्रिय बजारमा चिनाउनका लागि 'नवौं नेपाल फर्मा एक्स्पो'को आयोजना गर्ने भएको छ ।

शुक्रबार आयोजित पत्रकार सम्मेलनका संघका अध्यक्ष महेश प्रधानले नेपाली औषधि उत्पादनको बजारीकरण गर्न र अन्तर र्राष्ट्रियस्तरमा चिनाउनका लागि एक्स्पो आयोजना गर्न थालिएको बताए ।

उनले एक्स्पोमा नेपाली औषधि कम्पनीले भित्र्याएको प्रविधिबारे पनि जानकारी गराइने बताए ।

नेपाली औषधि उत्पादनको अमेरिका, जापान, चीन र भारतले उत्पादन गर्ने प्रविधि अवलम्बन गरेको उनले बताए । नेपाली उद्योगले उत्पादन गरेका ५० प्रतिशत औषधिले नेपाली बजार धानेको अध्यक्ष प्रधानले जानकारी दिनुभयो । एक्स्पो चितवनमा आगामी फागुन २५ देखि २७ गतेसम्म हुने छ ।

एक्स्पो संयोजक प्रभात रुङ्गाटाले औषधि उत्पादन प्रयोगमा ल्याइएका नयाँ प्रविधिलाई देखाइने बताए । एक्स्पोमा नेपालमा उत्पादन भएका औषधिलाई निर्यात गर्नका लागि सेमिनारसमेत आयोजना गरिने उनले बताए । उनले विदेशी युवालाई लक्षित गरेर 'करिअर मिट'समेत एक्स्पो आयोजना गरिएको बताए ।

एक्स्पोमा नेपाली औषधि उत्पादन गर्ने प्रविधिबारे जानकारी लिनका लागि कम्बोडिया, जर्जियाबाट मानिस आउने उनले बताए । एक्स्पोमा चीन, भारत, सिङ्गापुर र बंगलादेशका एक सय ५० भन्दा बढी कक्ष रहनेछन् ।

संघका पूर्वअध्यक्ष जीनारायण क्षेत्री र शंकर घिमिरेले विगतको तुलनामा नेपाली औषधि उत्पादनले फड्को मारेको उल्लेख गर्दै अन्तर र्राष्ट्रियस्तरको प्रविधिबाट नेपाली औषधि उत्पादन भइरहेको बताए । प्रत्येक दुई-दुई वर्षमा हुने एक्स्पोमा यस वर्ष ३० हजारभन्दा बढीले अवलोकन गर्ने अपेक्षा राखिएको छ ।

## राष्ट्रियसभा...

देखिएका छन् । अर्का उपाध्यक्ष घनेन्द्र बस्नेत पनि उम्मेदवारको आँकाक्षी हुन् । माओवादी केन्द्रमा पनि उम्मेदवारका आँकाक्षीहरुले छलफल अगाडि बढाएका छन् । हरिबोल गजुरेल चुनाव लड्ने चर्चा छ । राष्ट्रिय सभाको चुनावमा ५५० प्रदेशसभा सदस्य र ७ सय ५३ स्थानीय तहका प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष गरी १५ सय ६ जना मतदाताले मतदान गर्नेछन् । यसपटक प्रदेशसभा सदस्यको मतभार ५३ र स्थानीय तहका प्रतिनिधिको मतभार १९ कायम गरिएको छ । राष्ट्रिय जनसंख्याका आधारमा मतभार निकाल्ने गरिन्छ । त्यसआधारमा यसअघिको भन्दा यसपटक मतभार केही बढेको हो । कोशीमा ९३ प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख र उपप्रमुख २७४ गरी कुल मतदाता संख्या ३६७ छ । जसको कुल मतभार ९ हजार ६२२ हुन्छ ।

त्यसमध्ये एमालेसँग चार हजार २१० मतभार छ भने गठबन्धन दलहरु कांग्रेस, माओवादी एकीकृत समाजवादी र जसपासँग पाँच हजार ४७४ मतभार छ । मतदानमा मतहरु यताउता नभएको अवस्थामा गठबन्धनले सबै सिट जित्नेछ । त्यसैगरी मधेश प्रदेशमा ३७९ जनाले मतदान गर्नेछन् । हालकै अवस्थामा एमालेसँग २३०२ र सत्ता गठबन्धनसँग ७९४६ मतभार छ ।

बागमती प्रदेशमा ३४८ मतदातामध्ये एमालेका ६० र गठबन्धनको १७४ मत हुँदा कांग्रेसको मात्र १ सय ८ मत छ । कांग्रेससहितको गठबन्धनसँग ६७५१ र एमालेसँग २५७२ मतभार छ । गण्डकीमा एमालेको तुलनामा गठबन्धन ४१८० मतभारले अगाडि छ भने लुम्बिनीमा पनि एमालेसँग भन्दा गठबन्धनसँग २६६७ मतभार बढी छ । कर्णालीमा एमालेसँग १५३७ र गठबन्धनसँग ३७०७ मतभार हुँदा सुदूरपश्चिममा गठबन्धनसँग ४५१० र एमालेसँग १४८० मतभार छ ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलिया राष्ट्रिय सभाको निर्वाचनको तयारी अगाडि बढेको बताउँछन् । उनी भन्छन्, ' निर्वाचन तालिका तय भएको छ । तालिका अनुसार काम अगाडि बढेका छन् । दल दर्ता लगायतका कार्य सकिएका छन् । दलहरुका आन्तरिक गतिविधिको विषय दलहरुलाई जानकारी हुने विषय भयो त्यो निर्वाचन आयोगको सरोकारमा तब आउँछ जब उम्मेदवारी दर्ताको प्रक्रिया अगाडि बढ्छ ।'

## माधवसँग...

अध्यक्ष नेपाल ७० वर्ष पुरा हुँदैछन् । यदि माघमै महाधिवेशन भएको भए महाधिवेशन हलमा उमेर हदको व्यवस्थाबारे आवाज उठ्न सक्थ्यो र प्रतिस्पर्धाबाट खनाल बाहिरिन सक्थे । किनकि खनाल ७३ वर्ष पुगिसकेका छन् ।

यो तथ्य बुझेर खनालले महाधिवेशन सार्ने प्रस्ताव ल्याए । जबकी तिनै खनाल हुन्, जसले महाधिवेशन तत्काल गरिनुपर्ने प्रस्ताव गर्दै आएका थिए । तर माघमा गर्दा उमेर हदको व्यवस्थाले आफू प्रतिस्पर्धाबाट बाहिरिने तथ्य बुझेर खनालले महाधिवेशनमा जेठमा लैजान जोड गरे । अहिले एकीकृत समाजवादीभित्र उमेर हद हटाउने संभावना बढी छ । त्यो भनेको फेरि पनि नेपाल र खनालबीच अध्यक्षमा प्रतिस्पर्धा हुने परिस्थिति रहनु भएको सहज बुझाइ पार्टी पंक्तिमा देखिन्छ ।

## संक्रमणकालीन...

घर्ती, रञ्जुकुमारी झा, ध्रुवबहादुर प्रधान, शेरबहादुर कुँवर र स्वर्गीय सुवासचन्द्र नेम्वाङ सदस्य थिए । उपसमितिले बिभिन्न चार वटा विषयमा थप प्रष्टीकरण आवश्यक रहेको भन्दै विधेयकको प्रतिवेदन तयार पारेको छ ।

उपसमितिले २३ असोज २०८० मा विधेयकको प्रतिवेदन समिति समक्ष बुझाइसकेको छ । उपसमितिले थप प्रष्टता आवश्यक रहेको भनी बुझाएको विधेयकको प्रतिवेदनमा नेताहरु सहमतिमा पुग्ने प्रयासमा छन् ।

कानुन न्याय तथा मानव अधिकार समितिले सहमति जुटाउन नसकेको पहिलो विषय हो - मानव अधिकारको गम्भीर उल्लङ्घनको परिभाषामा 'स्वेच्छाचारी रुपमा क्रूरतापूर्वक (आर्बिट्ररी) गरिएको हत्या' लेख्ने कि 'दोहोरो भिडन्तबाहेक गरिएको हत्या' लेख्ने । यी दुईमध्ये कुनलाई परिभाषामा समावेश गर्ने भन्ने विषयमा समिति निचोडमा पुग्न सकिरहेको छैन ।

समितिमा मिल्न बाँकी दोस्रो विषय हो - सशस्त्र द्वन्द्वको क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरुलाई कसरी सम्बोधन गर्ने ? यो विषयलाई सम्बोधन गर्नका लागि गाह्रो नरहेको सांसद नेपाली कांग्रेसका सांसद जीवन परियारको भनाइ छ ।

संक्रमणकालीन न्याय सम्बन्धी विधेयकमा मिल्न बाँकी तेस्रो विषय हो - मानव अधिकारको उल्लघंनको घटनामा मेलमिलापको लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ? प्रस्तावित विधेयकमा कानुन न्याय तथा मानव अधिकार समितिमा सहमतिमा पग्न नसकेको चौथो र अन्तिम विषय हो - घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्ने भन्ने कि प्रतिशत नै तोकेर जाने ?

सजायका सन्दर्भमा प्रतिशत तोक्ने विषय व्यवहारिक नहुने सत्तारु दलका सांसदहरुको तर्क छ भने प्रमुख प्रतिपक्षी नेकपा एमाले प्रतिशत तोकेर जानुपर्ने पक्षमा छ ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ संक्रमणकालीन न्यायसम्बन्धी विधेयक सहमतिबाटै अगाडि बढाउनुपर्ने बताउँछन् ।

अल्पमत र बहुमतको प्रक्रियाबाट विवादित विषय टुंग्याउने हतारो नगर्न समेत संसदीय ससितिलाई उनको आग्रह छ ।

सबै एकमत भएर बृहत शान्ति सम्झौता भएको भन्दै उनले प्रक्रियामा जान तयार गर्न नहुने बताए । उनी भन्छन्, 'सकेसम्म सहमतिमा टुंग्याउनुपर्छ । राजनीतिसँग जोडिएको विषय भएकाले शीर्ष तहमा पनि सहमति खोज्नुपर्ने हुन्छ । भोलि कसैगरी भएन भने विकल्पहरु सोचौंला ।'

## घरेलु...

समूहकी कार्यकारी निर्देशक विजया राई श्रेष्ठले खाडी देशमा नेपाली महिलालाई लगाएको प्रतिबन्ध फुकाउने विषयमा सरकारलाई पटक-पटक सुझाव दिंदा पनि सुनुवाइ नगरेर विभेदकारी नीति लिइएको दाबी गरिन् ।

## पोल्याण्ड...

लाख ८० हजार रुपैयाँ लिएको प्रहरीले बताएको छ । बुढाथोकीले पोल्याण्डमा आफ्नो मान्छे रहेको र पोल्याण्ड पुगेपछि मासिक एक लाख २० हजार रुपैयाँ तलब हुने प्रतिष्ठित कम्पनीको काममा लगाइदिने आश्वासन दिएर रकम लिइ सम्पर्कविहीन भएको उजुरी परेको प्रहरीले बताएको छ । नयाँबानेश्वरबाट पक्राउ परेका बुढाथोकीलाई अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको प्रहरीले बताएको छ ।

**SAUDI मा रोजगार**

कम्पनी : HERFY FOOD SERVICES COMPANY
शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०९/०६ | चलानी नं.: ६०२११९०७ | LT. No.: 296944

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | KITCHEN WORKER | 41 | 0 | स. काममा दक्ष | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० पुस १४ र १५ गते (30 & 31 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Young Manpower Pvt. Ltd.
P.Box: 26144, Battisputali-9, Kathamandu, Tel: 4483814, 4483815, 4483816, 4483817
Email:youngmanpower123@gmail.com
Govt Lic. No. 1047/073/074

# नागोयामा सञ्चालित घुम्ती सेवाबाट ६ सय ६५ नेपालीले लिए सेवा

**जिपि लामिछाने / मध्यान्ह**
जापान, ६ पुस



जापानको नागोयामा ४ दिनसम्म सञ्चालन भएको घुम्ती सेवाबाट ६ सय ६५ जनाले विभिन्न सेवा लिँदा ९६ लाख ८७ हजार रुपैयाँ राजस्व संकलन भएको छ । जापानस्थित नेपाली दूतावासको आयोजना, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको सहकार्य एवं नागोया क्षेत्रीय समितिहरुको व्यवस्थापनमा सम्पन्न भएको घुम्ती सेवामार्फत ५ सय ६० जनाले राहदानी नवीकरण, ४६ जनाले अन्य कन्सुलर सेवा, २९ जनाले दूतावासद्वारा प्रदान गरिने अन्य सेवाको बारेमा जानकारी तथा सोधपुछ गरी जम्मा ६ सय ६५ जना सेवाग्राहीले सेवा लिएको एनआरएनए जापानका उपाध्यक्ष तथा घुम्ती सेवाका लागि एनआरएनएको तर्फबाट संयोजक रहेका सुवास लामिछानेले जानकारी दिए ।

'एनआरएनए जापान क्षेत्रीय समिति नागोयाको स्थानीय व्यवस्थापनमा भएको उक्त कार्यक्रम पूर्णत व्यवस्थित, अनुशासित र मर्यादितरुपमा सम्पन्न भएको छ,' संयोजक लामिछानेले भने, 'कुशल व्यवस्थापन गरेकोमा क्षेत्रीय समिति नागोया परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। आगामी दिनमा अन्य क्षेत्रमा हुने घुम्ती सेवालाई अझ प्रभावकारी गराउँदै लगिने छ ।'

दूतावासले दिएको जानकारी अनुसार नागोयाको शिविरमा ५ सय ३१ जनाले पासपोर्टको सेवा लिएका छन् । जसमध्ये ४ सय ६६ जनाले पासपोर्ट नवीकरण गरेका छन् भने ६५ जना बालबालिकाको नयाँ पासपोर्ट बनाइएको छ । यसैगरी १० जनाले झुत्रा र खराब पासपोर्ट फालेर नयाँ बनाएका छन् । शिविरमा दिइएको जानकारी अनुसार बाँकी ६६ जनाले अन्य सेवाहरु लिएका थिए ।

जापानमा रहेका नेपाली नागरिकहरुलाई दूतावासद्वारा प्रदान गरिने सेवालाई पहुँच योग्य बनाउनुका साथै सरल र सहजरुपमा प्रदान गरिनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै गत वर्षदेखि सञ्चालन गरिएको घुम्ती सेवामा अपेक्षा गरिएभन्दा बढी नेपालीले सेवा लिएको क्षेत्रीय समिति संयोजक भेषनाथ गौतमले जानकारी दिए । ४ सय जनाको हाराहारीमा सेवाग्राहीहरु आउने अपेक्षा गरिए पनि अपेक्षा भन्दा बढी नै सेवाग्रहीहरुले लाभ लिएको एनआरएनए जापानका प्रवक्ता खगराज गौतमले मध्यान्हलाई जानकारी दिए ।

नागोयाको घुम्ती सेवा सञ्चालनका क्रममा करिब आठ लाख भन्दा बढी खर्च भएको एनआरएनए नागोया क्षेत्रीय समितिका उप संयोजक कुशल पौडेलले जानकारी दिए । 'घुम्ती सेवाका लागि हुने व्यवस्थापकीय कामका लागि एनआरएनए जापानले सहयोग गरेको छ,' उपसंयोजक कुशल पौडेलले भने, 'यसपटकको नागोया घुम्ती सेवाका लागि करिब आठ लाख भन्दा बढि खर्च भएको छ। घुम्ती सेवामा आउने सेवाग्राहीबाट राजस्व बाहेक थप रकम उठाइएको छैन । यसको व्यवस्थापन गर्न हामीलाई एनआरएनए जापान, क्षेत्रीय समिति नागोयालगायतबाट सहयोग प्राप्त भएको थियो ।'

नागोयामा सम्पन्न घुम्ती सेवाबाट नेपाल सरकारको नाममा ९६ लाख ८७ हजार रुपैयाँ राजस्व संकलन भएको दूतावासले जनाएको छ । यसरी उठाइएको सबै राजस्व नेपाल सरकारको नाममा जम्मा हुने गर्दछ। यसबाट व्यवस्थापकीय खर्च नगरिने दूतावासको भनाइ छ। दूतावासले राहदानी नवीकरणको १८ हजार यन तोकेको छ। यसैगरी हराएको, च्यातिएको वा अन्य कारणले प्रयोग गर्न नसकिने राहदानीको ३६ हजार यन र दश वर्षभन्दा कम उमेरका बच्चाको राहदानी नवीकरणका लागि ९ हजार यन राजस्व लिने गरिएको छ । जाापानमा जन्मेका बच्चाको पहिलो पटक राहदानी बनाउन १५ हजार राजस्व लिने गरिएको छ । घुम्ती सेवामा एनआरएनए जापानको तर्फबाट सेवा अवधिभर सहजीकरणका लागि सम्पूर्ण भूमिका निर्वाह गरिएको एनआरएनए जापानका अध्यक्ष नविन निउरेले बताए। जापानवासी नेपाली नागरिकले सहजरुपमा सेवा लिन सकुन् भन्ने उद्देश्यले सञ्चालित घुम्ती सेवा फुकुओका, ओसाका, गुन्माकेन, ओकिनावा, फुकुसिमा, तोचिगी र हिरोसिमामा पनि सञ्चालन हुने दूतावासले जनाएको छ। मिति निश्चित भएका क्षेत्रहरुमा तोकिएको मितिमा र अन्य मिति निश्चित हुन बाँकी रहेका क्षेत्रको यथाशीघ्र मिति तय गरिने समेत दूतावासले जानकारी दिएको छ ।

# जुम्लामा पहिलो पटक 'बालविवाहविरुद्ध म बोल्छु' अभियान शुरु

**दिलमाया शाही / मध्यान्ह**
जुम्ला, ६ पुस




जुम्लाको चन्दननाथ नगरपालिकाले 'बालविवाहविरुद्ध म बोल्छु' अभियान शुरु गरेको छ । युनिसेफको आर्थिक सहयोग र नगरपालिकाको महिला तथा बालबालिका शाखाको आयोजनमा शुक्रबारबाट 'म बालविवाहविरुद्ध बोल्छु र हामी बालविवाहविरुद्ध बोल्छौं' भन्ने मूल नाराका साथ यो अभियान शुरु भएको हो ।

चन्दननाथ नगरपालिकाको वडा नं १ बाट औपचारिकरुपमा यो अभियान सञ्चालन गरिएको छ। नगरपालिकाले बालविवाहविरुद्ध एकजुट भएर लाग्न सबैलाई आह्वानसमेत गरेको छ। यो अभियान सञ्चालनका लागि नगरपालिका, जिल्ला प्रहरी कार्यालय जुम्ला, नेपाल पत्रकार महासंघ जुम्ला, बालक्लब, बाल सञ्जाल, महिला अधिकारकर्मीहरुको सहभागिता रहेको चन्दननाथ नगरपालिका महिला शाखाकी प्रमुख माया थापा शाहीले बताइन् । उनले भनिन, 'अब बालविवाह शून्यमा झार्नुपर्छ। यसका लागि सबै निकाय लाग्नुपर्ने अवस्था आएको छ ।'

चन्दननाथ नगरपालिका महिला शाखामा कार्यरत बालकल्याण अधिकारी पुष्पा थापाले अभियानको पहिलो दिन नमुना माध्यामिक विद्यालय खलंगा, न्युभिजन ट्युसन सेन्टर जुम्ला र वडा नं १ का अभिभावक र बालबालिकालाई सचेतना दिइएको छ। उनका अनुसार बालविवाहविरुद्धको यो अभियानको प्रशिक्षकको रुपमा प्रहरी साहयक निरीक्षक विवेक खनाल रहेका छन् । उनका अनुसार नगरपालिकाका दशै वटा वडा र जिल्लामा सञ्चालित ट्युसन सेन्टरमा अध्यायनका लागि आएका बालबालिकालाई प्रथामिकतामा राखिएको छ । त्यस्तै चन्दननाथ नगरपालिका वडा नं १ का कार्यबाहक वडाध्यक्ष नन्द बहादुर गुरुङले बालविवाह न्यूनीकरणका लागि अभियान शुरु गरिएको बताउँदै यस अभियानमा हातेमालो गरेर लाग्न सरोकारवालाहरुलाई आग्रह गरे ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०५/१२ मा दर्ता भएको **प्रा लि नं २४०५०३/०७७/०७८** को **गोल्डेन मल्टिपर्पोज एग्रिकल्चर फार्म प्रा.लि.**को मिति २०८०/०९/०६ मा सम्पन्न बिशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६५७७१**



## मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि.
**काठमाडौं जिल्ला टोखा न. पा. वडा नं. ५**

**प्रथम बार्षिक साधारण सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०७**

**आदरणीय शेयरधनि महानुभावहरु,**
यस कम्पनीको मिति २०८०/०९/०२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको प्रथम बार्षिक साधारण सभा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्नको लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनि महानुभावहरुको जानकारीको लागि यो सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम प्रकाशित गरिएको छ ।

**मिति : २०८०/०९/२८ गते तदनुसार सन् २०२४ जनवरी १२ शनिबार**
**समय : बिहान १०:०० बजेदेखि**
**स्थान : कम्पनीको रजिस्टर्ड कार्यालय, टोखा न पा वडा नं ५ स्थित सभा हल**

**छलफलका बिषय सुचिहरु:**
**क. सामान्य प्रस्तावहरु:**
१. संचालक समितिका तर्फबाट अध्यक्षज्युबाट पेश हुने आर्थिक वर्ष २०७९।८० को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० साल असाढ मसान्त सम्मको वासलात, सोहि मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को आय व्यय हिसाब, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह बिवरण स्वीकृत गर्ने ।
३. आर्थिक वर्ष २०८०।०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. आर्थिक वर्ष २०७९।०८० को नगद लाभांश वितरण नगर्ने प्रस्ताव प्रथम बार्षिक साधारण सभामा पेश गरि स्वीकृत गराउने ।
५. संचालक समितिको बैठक भत्ता बारे ।
६. स्वतन्त्र संचालक नियुक्ति सम्बन्धि निर्णय गर्ने ।

**संचालक समितिको अनुमतिले**
**अधिवक्ता आतिस कार्की**
**कम्पनी सचिव**



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: ELEGANCIA ARABIA TRADING COMPANY W.L.L** **शहर: RIYADH**
**पूर्व स्वीकृत मिति: २०८०/०९/०६** **चलानी नं.: ६०२११९०३** **L.T. No.: 296948**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,७९२ | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Mini Truck Driver | 9 | 0 | | 1800 | ६३,७९२ | | | | | | |
| 3. | Forklift Driver | 1 | 0 | | 1800 | ६३,७९२ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस १४ गते (30 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096



## कतारमा रोजगार

**कम्पनी : CROWN POWER LINK CONTRACTING & CLENING W.L.L** **शहर: DOHA**
**पूर्व स्वीकृत मिति: २०८०/०९/०६** **चलानी नं.: ६०२११९०२** **LT. No.: 296865**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Supervisor | 0 | 3 | सम्बन्धित काममा दक्ष | 3000 | १०५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ६१,५९५ | | | | | | | |
| 3. | Executive Secretary | 0 | 1 | | 2500 | ९१,१७५ | | | | | | | |
| 4. | General Clean Worker | 0 | 23 | | 1000 | ३६,४७० | | | | | | | |
| 5. | General Supervisior | 0 | 1 | | 2500 | ९१,१७५ | | | | | | | |
| 6. | Reception | 0 | 1 | | 2100 | ७६,५८७ | | | | | | | |
| 7. | Safety Supervisor | 1 | 0 | | 3000 | १०५,४१० | | | | | | | |
| 8. | Sales Specialist | 0 | 2 | | 2500 | ९१,१७५ | | | | | | | |
| 9. | Sales Supervisior | 2 | 0 | | 3000 | १०५,४१० | | | | | | | |
| 10. | Supervisior | 2 | 2 | | 3000 | १०५,४१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस १४ गते (30 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


